हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८१/०८२) वैठक नं.

आज मिति २०८१ साल भाद्र ०९ गते आइतवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको अरतिसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | ओम प्रकाश महतो | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिपुर, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

मिति २०८१।०५।०९ गते

**प्रस्ताव**

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।
२. हरिपुर नगरपालिकाको मर्मत सम्भार कार्यविधि, २०८१ सम्वन्धमा ।
३. योजना तथा कार्यक्रम (ठेक्का र उपभोक्ता समिति) को म्याद थप सम्वन्धमा ।
४. गत आ.व. योजना तथा कार्यक्रमको जिम्मेवारी सार्ने सम्वन्धमा ।
५. जिन्सी निरिक्षणको प्रतिवेदन स्विकृत गर्ने सम्वन्धमा ।
६. खोलाको ठेक्का बन्दोवस्ती सम्वन्धमा ।
७. नदीजन्य पदार्थको दररेट सम्वन्धमा ।
८. दरबन्दी मिलानका लागि अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा।
९. विद्यालयमा शीर्जनशिल शुक्रवार कार्यक्रम सम्बन्धमा।
१०. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गर्दै उक्त निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धीत विषयगत शाखा एबं वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा हरिपुर नगरपालिकाको मर्मत सम्भार कार्यविधि, २०८१ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकामा गत आ.व. २०८०।०८१ मा स्वीकृत देहायका योजना तथा कार्यक्रमहरु तोकिएको समयमा सम्पन्न हुन नसकेको तर उक्त योजना तथा कार्यक्रमहरु यस नगरपालिकाको लागि आवश्यक रहेको र सम्पन्न हुन नसकेको योजना तथा कार्यक्रमहरु अगामी आ.व. मा निरन्तरता दिने भनि तेह्रौं नगरसभाबाट नीतिगत निर्णय नं. १५ मा समेत भएकोले सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरु गत आ.व. बाट चालु आ.व. को लागि बचत हुने आन्तरिक श्रोत, राजश्व बाँडफाड, समानीकरण बजेटबाट निरन्तरता दिने निर्णय भएको र उपभोक्ता समितिसँग सम्झौता भई सम्पन्न नभएका योजनाहरु २०८१ पुस मसान्त सम्म सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग भएको सम्झौताको म्याद सोही समय सम्मको लागि थप गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।०५।०९ गते

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा गत आ.व. २०८०।०८१ मा सम्झौता भई संचालनमा रहेको र कार्य सम्पन्न भईसकेको र भुक्तानी लिन बाँकी रहेको तपसिल अनुसारको योजनाहरु चालु आ.व. मा भुक्तानी दायित्व सार्ने निर्णय गरियो ।

कार्य संचालनमा रहेका योजनाहरु

| | | | | |
|---|---|---|---|---|
| १ | जानकीनगर स्वास्थ्य चौकीको कम्पाउण्डमा सडक तथा ब्लक कार्य | हरिपुर-१ | १२०,०००।०० | |
| २ | चौतारा ब्यवस्थापन सन्तको घर जाने बाटो कार्य | हरिपुर-१ | ५००,०००।०० | |
| ३ | ब्रह्मस्थान देखि पुर्व सडक मर्मत तथा ग्राभेल कार्य | हरिपुर-१ | ३००,०००।०० | |
| ४ | विभिन्न स्थानमा चापाकल जडान कार्य | हरिपुर-१ | २००,०००।०० | |
| ५ | गणेश बस्नेतको घर देखि दक्षिण सडक मर्मत कार्य | हरिपुर-१ | २००,०००।०० | |
| ६ | जनता अधारभुत विद्यालयको माथिल्लो तलाको अधुरो भवन निर्माण तथा रेलिंग कार्य | हरिपुर-२ | ५००,०००।०० | |
| ७ | जनता अधारभुत विद्यालयको प्रतिक्षालय देखि पश्चिम कुलो सम्म बाटो भन्दा दक्षिण पट्टी नाला निर्माण कार्य | हरिपुर-२ | ३००,०००।०० | |
| ८ | गौरीशंकर क्लव हरिपुर-२ नयाँ भवन निर्माण कार्य | हरिपुर-२ | १,३००,०००।०० | |
| ९ | नरेश कुमरको घर देखि दक्षिण जाने सडक ढलान कार्य | हरिपुर-२ | २२५,०००।०० | |
| १० | महारानी स्थान धर्मशाला निर्माण कार्य | हरिपुर-३ | २२१,८७७।२३ | |
| ११ | जनता मावि हरैयामा कम्पाउण्डवाल प्रतिक्षालय निर्माण कार्य | हरिपुर-४ | ४६२,८३८।०० | |
| १२ | नथुनी साहको जग्गा देखि शिवदयाल रामको घर सम्मको सडक ढलान कार्य | हरिपुर-४ | ११३,००१।०० | |
| १३ | हरैया दलित धर्मशाला ट्रस तथा सिढी निर्माण कार्य | हरिपुर-४ | ३००,०००।०० | |
| १४ | वडा नं. ५ असनमामा नाला निर्माण कार्य | हरिपुर-५ | ४३८,८९३।७५ | |
| १५ | वडा नं. ५ भरी आवश्यकता अनुसार कृषि सडक निर्माण कार्य | हरिपुर-५ | २१५,०४४।५५ | |
| १६ | नुरसैदको घरदेखि विरिवैयाको घरसम्म सडक ढलान कार्य | हरिपुर-६ | ३००,०००।०० | |
| १७ | पच्छगछिया फिल्डमा ट्रस तथा नदी ब्यवस्थापन कार्य | हरिपुर-७ | २००,०००।०० | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।०५।०९ गते

| | | | | |
|---|---|---|---|---|
| १८ | भलिवल ट्रेनिंग सेन्टर ब्यवस्थापन कार्य शौचालय र हयाण्डपम्प निर्माण कार्य | हरिपुर-७ | ३९५,०००।०० | |
| १९ | चिल्ड्रेन पार्कको सौन्दर्यकरण कार्य | हरिपुर-७ | १,५००,०००।०० | |
| २० | प्रधानमन्त्री बेरोजगारबाट मर्मत बाटो ग्राभेल कार्य | हरिपुर-८ | १,०००,०००।०० | |
| २१ | हर्नी मन्दिर घेरावेरा र ढोका निर्माण कार्य जुटपानी | हरिपुर-८ | १००,०००।०० | |
| २२ | सुकरामको घर देखि मोहन रायको घर सम्म सडक ढलान कार्य | हरिपुर-८ | ३००,०००।०० | |
| २३ | वडा नं. ९ मा नयाँ कृषि सडक निर्माण कार्य | हरिपुर-९ | ३००,०००।०० | |
| २४ | सुरेन्द्र साहको घर देखि दिलिप सिंहको घर सम्म सडक ढलान तथा नाला निर्माण कार्य | हरिपुर-९ | ७००,०००।०० | |
| २५ | गान्धी साहको घर देखि विध्वा चौधरीको घर सम्म नाला निर्माण कार्य | हरिपुर-९ | ३००,०००।०० | |
| २६ | राजदेव चौधरीको घर देखि राजेश साहको घर सम्म नाला निर्माण कार्य | हरिपुर-९ | ३००,०००।०० | |
| २७ | वडा नं. ९ मा मन्दिर निर्माण कार्य | हरिपुर-९ | ३००,०००।०० | |
| २८ | खानेपानी तथा वडा नं. २ को सरसफाई उपभोक्ताको अनुदान | हरिपुर-२ | ५००,०००।०० | |
| २९ | वडा नं. ६ भिमदास बाँध र पर्खाल निर्माण कार्य | हरिपुर-६ | ४००,०००।०० | |
| ३० | सार्वजनिक सुनुवाई कार्यक्रम (साकार मिडिया सेन्टर लालबन्दी) | हरिपुर | २६२६००।०० | |
| ३१ | हरिपुर नगरपालिका वडा नं. ९ पिडारी पुरानो बजार देखि दुध डेरी सम्म नाला निर्माण र सडक स्तरोन्नती | हरिपुर-९ | ५५,००,०००।०० | |
| ३२ | श्री जनता आधारभुत विद्यालय भवन निर्माण | हरिपुर-२ | ३,००,०००।०० | |
| ३३ | आशालालको घर देखि पुलचौक सम्म सडक कालोपत्रे | हरिपुर-२ | २५,००,०००।०० | |
| ३४ | अमृतको घर देखि पुर्व कृषि सडकमा कलभर्ट निर्माण तथा सडक स्तरोन्नती | हरिपुर-२ | १०,००,०००।०० | |

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको मिति २०८०।०४।१३ गतेको निर्णय अनुसार नगरपालिका तथा नगरपालिका अन्तर्गत रहेका वडा कार्यालय र विभिन्न विषयगत कार्यालयहरु समेतको जिन्सी निरिक्षण गर्न आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम १ बमोजिम गठन भएको जिन्सी निरिक्षण समितिले नगरपालिका तथा नगरपालिका अन्तर्गत रहेका वडा कार्यालय र विभिन्न विषयगत कार्यालयहरुमा

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।०५।०९ गते

गई जिन्सी निरिक्षण गर्दा प्राप्त जिन्सी सामग्रीको विवरण सहितका जिन्सी प्रतिवेदनलाई नगर कार्यपालिकाबाट स्वीकृत गरी अगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको अधिकार क्षेत्र रहेका देहायका खोलाहरुको आ.ई.ई. प्रतिवेदनमा उल्लेख भए अनुसारको परिमाण बरावरको नदीजन्य पदार्थको उत्खनन् संकलन र विक्रिको ठेक्का वन्दोवस्तको लागि प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको नदीजन्य पदार्थको उत्खनन् संकलन र विक्रिको लागि मधेश प्रदेशको आर्थिक एन २०८१ को अनुसूची ६ अनुसार ढुंगा, गिट्टी, वालुवा, माटो, दहत्तर वहत्तरको दररेट प्रति क्युव मिटर १५०।०० देखि २००।०० सम्म तोकिएकोले यस नगरपालिकामा नदीजन्य पदार्थको उत्खनन् संकलन र विक्रिको ठेक्का वन्दोवस्तको लागि प्रति क्युव मिटर रु. १५१।०० दररेट तोक्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | खोलाको नाम | गत आ.व.को ठेक्का अंक | घन मिटर | दर प्रति क्युव मिटर | न्यूनतम् अंक (म.अ.कर सहित) |
|---|---|---|---|---|---|
| १ | लखनदेही खोला | ठेक्का नलागेको | १०३२८.९६ | १५१।०० | १५,५९,६७२।९६ |
| २ | झीम खोला | | २५५०.२४ | १५१।०० | ३,८५,०८६।२४ |

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षक व्यवस्थापन, प्रधानाध्यापक व्यवस्थापन, शिक्षकहरुको माग तथा विद्यार्थी संख्याको आधार समेतलाई मध्येनजर गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरबाट जारी दरबन्दी मिलान तथा पुर्नवितरणका आधारहरुको अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा २ (१) "ज" (११) र हरिपुर नगर शिक्षा ऐन, २०७६ (दोस्रो संसोधन) को दफा २० मा भएको व्यवस्था बमोजिम यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत सबै किसिमका शिक्षकहरुको दरबन्दी मिलान कार्यका लागि नगर शिक्षा समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगपालिका अन्तर्गतका मा.वि. तहका विद्यालयहरुमा विद्यार्थीको चाहानाको आधारमा हप्ताको एक दिन शुक्रवार विद्यार्थीहरुमा पढाई संगसंगै भविष्यमा अपेक्षित पेशाको लागि सुरुवाती सिप सिकाई संगै अध्ययन गर्न इच्छुक तथा गरिबीको कारणबाट

मिति २०८१।०५।०९ गते

आय आर्जन गरी पढ्नु पर्ने अवस्थामा रहेका विद्यार्थीहरुमा उद्यमशीलता, श्रमप्रतिको सम्मान, स्वावलम्बन, काम गर्ने संस्कृति र व्यावसायकि सिप तथा सोच विकास गरी आत्मनिर्भर बनाउन र पाठ्यक्रममा आधारित गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै पढाइलाई निरन्तरता दिन शीर्जनशिल शुक्रवार कार्यक्रम नामाँकन गरी सो कार्यक्रमलाई कार्यविधि मार्फत सरल, सहज र प्रभावकारी रुपमा कार्यान्वयन गर्न कार्यपालिकाको कार्यालयले तयार गरेको **सामुदायिक विद्यालयमा शीर्जनशिल शुक्रवार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** को मस्यौदा उपर छलफल गरी स्वीकृतिका लागि अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।